# गौरादह नगरपालिका

फोन नं.०२३ -४८०३७८

## नगर कार्यपालिकाको कार्यालय

गौरादह,झापा

प्रदेश नं.१,नेपाल

गौरादह नगरपालिका नगर कार्यपालिकाको कार्यालय गौरादह-झापा १ नं प्रदेश नेपाल २०७३

मिति :२०७५।१०।१८

प.सं. ०७५/०७६

च.नं.

**विषय :पानी तथा स्वास्थ र सरसफाई सुविधा सहितको शौचालय निर्माण सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा आ.व.०७५ ०७६ मा यस गौरादह न.पा.लाई शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त पानी तथा स्वास्थ र सरसफाई सुविधा सहितको शौचालय निर्माण कार्यक्रम अन्तर्गत , (२ कोटा) प्राप्त भएकोले सहभागी हुन चाहने नगर भित्रका सबै सामुदायिक विद्यालयहरुले निम्नानुसारका आधारको परिधी भित्र रही मिति २०७५।११।३ गतेभित्र प्रस्तावना(**short proposal**) पेश गरी कार्यक्रम माग गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ।

पानी तथा स्वास्थ र सरसफाई सुविधा सहितको शौचालय निर्माण कार्यक्रम प्रस्तावका आधारहरु

क) विद्यालयमा रहेको कुल दलित विद्यार्थी संख्या उल्लेख गर्ने ।

ख) विद्यालयमा रहेका सम्पूर्ण विद्यार्थी संख्या उल्लेख गर्ने ।

ग) विद्यालयमा रहेका छात्राको कुल संख्या उल्लेख गर्ने ।

घ) विद्यालयको कक्षागत विवरण ( छात्र/छात्रा खुल्ने गरी उल्लेख गर्ने)

ङ) प्राविधिक शिक्षा तथा विज्ञान संकाय संचालन भएको भए उल्लेख गर्ने ।

च) भूकम्पबाट क्षति र कक्षामा सेक्सन भएको भए उल्लेख गर्ने ।

छ) दैवी प्रकोपबाट क्षति भए उल्लेख गर्ने ।

ज) विद्यालयको स्थापना २००७ साल भन्दा अघि भए उल्लेख गर्ने ।

झ) गै.स.स.,भूपू-शै.स,विभिन्न राजदूतावासबाट सहयोग पाएको भए उल्लेख गर्ने ।

ञ) वि.व्य.स. को गठन भए/नभएको,भएको भए गठन मिति उल्लेख गर्ने ।

ट) शि.अ.सं. गठन , सामाजिक परिक्षण र लेखा परिक्षण भएको अन्तिम मिति उल्लेख गर्ने ।

ठ) विद्यालयको नाममा जग्गा धनीपूर्जा भए प्रतिलिपि पेश गर्ने,नभए भोगाधिकार वा सम्बन्धीत वडा कार्यालयबाट जग्गा विवरणको सिफारिस पेश गर्ने ।

ड) हाल विद्यालयमा रहेको शौचालय संख्या उल्लेख गर्ने ।

नोट : आधारभूत विद्यालय प्राथमिकताको कममा रहनेछन् साथै शिक्षा विभाग र न.पा बाट सो सम्बन्धी थप निर्णय भएमा सोहि अनुसार हुनेछ ।प्रस्ताव शिक्षा शाखामा रुजु गराई मात्र दर्ता गर्नहुन अनुरोध छ ।

सूचना शाखा :यो सूचना वेभसाइटमा अपलोड गरिदिनुहुन ।

१०/१८

सचिव